२०८१ साल फागुन १३ गते तदनुसार February 25, 2025 मंगलवार वैठकमा पेश भएका कार्यसूचीहरु :

१. जग्गा रजिष्ट्रेसन पासको लागि अनुमति दिने सम्वन्धमा ।

२. समपूरक अनुदान तथा विशेष अनुदानको लागि योजना छनोट सम्वन्धमा ।

३. क्रसर सञ्चालनको लागि सिफारिस सम्वन्धमा ।

बैठकका निर्णयहरु:

निर्णय नं. १: क) श्री भीम आदर्श आधारभूत विद्यालय,खचापु, मानेभन्ज्याङ वडा नं. ३ उँबुको को माग निवेदन अनुसार सो विद्यालयलाई सोही वडा स्थायी ठेगाना भएको श्री धनविर राईको नाती श्री अवत सिङ राईको छोरा वर्ष ७५ को ना.प्र.नं. ५२०९/८०३ को श्री भक्त बहादुर राईको नाममा रहेको कित्ता नं.१३९७ १/१३२२ क्षेत्रफल ७-५-१-१ मध्येबाट १-८-०-० क्षेत्रफलको जग्गा रु.४०,०००/- (अक्षरुपी चालिस हजार) मा श्री भीम आदर्श आधारभुत विद्यालयलाई बिक्री गर्नको लागि अनुमति दिने निर्णय गरियो । साथै जग्गा रजिष्ट्रेसन पासको लागि विद्यालयको प्रधानाध्यापक ननुलाल चौधरीलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

ख) बाम्बुले राई समाज नेपाल, वाम्रासल मालपोत कार्यालय ओखलढुङ्गामा दर्ता श्रेस्ता कायम भएको प्रेम बहादुर राईको साविक उंबु गा.वि.स. वडा नं. ५ हाल मानेभन्ज्याङ गाउँपालिका वडा नं. ३ को कित्ता नं. ३३ को क्षेत्रफल १-११-२-० मध्ये कि.का. गरी ०-१-०-० जग्गा, लक्ष्मण राईको साविक उंबु गा.वि.स. वडा नं. ५ हाल मानेभन्ज्याङ गाउँपालिका वडा नं. ३ को कित्ता नं. १० को क्षेत्रफल २-१५-३-१ मध्ये कि.का. गरी ०-१-१-० जग्गा र कित्ता नं. ३३८ को क्षेत्रफल १-९-२-३ मध्ये कि.का. गरी ०-९-०-० जग्गा रामजीत राईको साविक उंबु गा.वि.स. वडा नं. ५ हाल मानेभन्ज्याङ गाउँपालिका वडा नं. ३ को कित्ता नं. ९ को क्षेत्रफल २-२-३-३ मध्ये कि.का. गरी ०-०-२-० जग्गा र कित्ता नं. ३३९ को क्षेत्रफल ०-१४-०-० मध्ये कि.का. गरी ०-२-२-२ जग्गा र ढुक्कराज राईको साविक उंबु गा.वि.स. वडा नं. ५ हाल मानेभन्ज्याङ गाउँपालिका वडा नं. ३ को कित्ता नं. ३३७ को क्षेत्रफल ०-४-०-० पुरै जग्गा बाम्बुले राई समाज, नेपालको नाममा खरिद प्रक्रियाबाट राजिष्ट्रेसन पासको लागि अनुमति दिने निर्णय गरियो ।साथै टिकविर राईलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

ग) मानेभन्ज्याङ गाउँपालिका वडा नं. ३ साविक उँबु गा.वि.स. वडा नं. १ निवासी छत्तविर राईको नाती अवद सिंह राईको छोरा वृतिकाजी राईको नाममा श्रेष्ता कायम भएको कि.नं. १४०० बाट कित्ताकाट गरी पश्चिम उत्तर तर्फको २-८-०-० क्षेत्रफल बराबरको जग्गा उँबु स्वास्थ्य चौकीको नाममा खरिद प्रक्रियाबाट रजिष्ट्रेसन पासको लागि अनुमति दिने निर्णय गरियो । साथै सो जग्गा पासको लागि स्वास्थ्य चौकी उँबुको ईन्चार्ज पोप कुमार राईलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

निर्णय नं.-२: महालक्ष्मी भुजेल जे.भी. को मिति २०८१/१०/०४ को चलानी नं. १७ को निवेदन अनुसार सडक डिभिजन कार्यालय, हर्कपुर ओखलढुङ्गा अन्तरगत ठेक्का नं.RDHKR/33701176/079-80/007, Upgrading of road to Blacktop Standard and new track opening with roadway Exavation, Structural and drainage works in Molung Ekbar Harkapur Patale Road, Okhaldhunga सडक खण्डमा निर्माण गरिरहेको र उक्त निर्माण कार्यमा आवश्यक पर्ने सामग्रीहरु उत्पादन तथा प्रशोधन गर्नको लागथि क्रसर मेशिन आवश्यक परेको हुँदा मानेभन्ज्याङ गाउँपालिका वडा नं. ७ को र सडक डिभिजन हर्कपुर ओखलढुङ्गाको सिफारिस सहित यस कार्यालयमा अनुमति माग भइ आएको हुँदा आजको कार्यपालिका बैठकबाट सम्झौता बमोजिमको

निर्माण कार्यको म्याद रहेसम्मको लागि मात्र क्रसर सञ्चालनको लागि अनुमति सिफारिस दिने निर्णय गरियो ।

निर्णय नं.३: राष्ट्रिय योजना आयोगबाट आ.व. २०८२/८३ मा कार्यान्वयन हुने संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदानको लागि योजना तथा कार्यक्रमहरु प्रस्ताव माग भइ आएको हुँदा यस मानेभन्ज्याङ गाउँपालिकाले तपसिल अनुसारको योजनाहरु आ.व.२०८२/८३ को लागि प्रस्ताव माग गरी पठाउने निर्णय गरियो ।

तपसिल:

| योजनाको नाम | अनुदान शीर्षक | कैफियत | कैफियत |
|---|---|---|---|
| पर्यटन पूर्वाधार (व्याकुल माइला पर्यटन प्रवर्धन केन्द्र, गौतम बुद्ध मूर्ति पार्क, तीनकन्या पद्मवती मन्दिर) | संघीय समपूरक अनुदान | रु. ७ करोड, अवधी ३ वर्ष | आ.व.२०८०/८१ मा माग भइ आ.व.२०८१/८२ मा सम्पन्न भएको मानेभन्ज्याङ गाउँपालिकाको वडा कार्यालयहरु निर्माण योजना (वडा नं. १,२,६,८) लाई रद्द गरी नयाँ योजना माग गर्ने निर्णय गरिएको । |
| मानेभन्ज्याङ गाउँपालिकाको कृषि प्रवर्द्धन तथा खाद्य सुरक्षा सुनिश्चितता योजना | संघीय विशेष अनुदान | ३ करोड, अवधी २ वर्ष | |